


**Population:**
14,170 (2000)
17,450 (2010)
21,500 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** none known

## संक्षेप:

**अन्य नामहरू:** Gyarong, Gyarung, Rgyarong, Chiarong, Jarong, Chabao, Northeastern Jiarong, Northern Jiarong

**जनसंख्या:**
चीन : २१,००० (PeopleGroups.org)

**तिब्बती बुद्ध धर्म:** ९०%

**इसाई धर्म:** ०%

**बाइबल:** छैन

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** छैन

**ख्रीष्टिय प्रसारण:** छैन

सुसमाचारको अवस्था




- सुसमाचार नसुनेकाहरू
- सुसमाचार सुनेका तर विश्वास नगरेकाहरू
- कुनै एउटा ख्रीष्टिय सम्प्रदायलाई पछ्याउनेहरू

करिब २१,००० जना चपाव् च्यारोङ् भाषा बोल्ने मानिसहरू शिचुआन प्रान्तको उत्तरी–पश्चिमी भागमा बसोबास गर्छन्। मुख्यतः चपाव् क्षेत्रको लोङ्कर्चिया, ताचङ् र शयर्शोङ् सहरहरूमा यिनीहरूको बाक्लो बस्ती छ। चपाव् क्षेत्र एपा अञ्चलको पर्कम जिल्लामा पर्छ। यो जिल्लामा यो जातिको जनसङ्ख्या नै बढी छ। यिनीहरूलाई आधिकारिक रूपमा तिब्बतीहरूको सूचीमा राखिएको छ। यिनीहरू पर्कम जिल्लाको कठोर जाडो वातावरणमा सयौँ वर्षहरूदेखि बसोबास गर्दै आएका छन्। यो ठाउँमा थोरै मात्र फलफूल र सागसब्जी उब्जनी हुन्छ। यिनीहरूले मुख्यतः जौको खेती गर्छन्। तीव्र जाडो वातावरणले गर्दा बढी बोसो र मासु खाने बानी यिनीहरूको बीचमा छ। उत्तरी भागहरूमा हिउँदमा तापक्रम शून्यभन्दा तल झर्दछ।

करिब १० प्रतिशत च्यारोङ् जातिका मानिसहरू बोन धर्मलाई पछ्याउँदछन्। सातौँ शताब्दीमा बुद्ध धर्म भारतदेखि तिब्बतमा आउनुभन्दा अघि, मन्त्र तन्त्र गर्ने र भूतात्माहरूलाई पुज्ने कुराहरूलाई मुख्य कामको रूपमा ठान्ने बोन धर्म नै सबै तिब्बतीहरूको धर्मको रूपमा थियो। पछिल्लो समयहरूमा बुद्ध धर्म, चल्दै आएको बोन धर्मसँग जोडियो।

चिनिएको विश्वासीहरू यिनीहरूको बीचमा कोही पनि छैन। च्यारोङ् भाषाको पाँच




वटा उप–भाषाहरू बोल्ने पाँच वटा जातिहरूमध्ये मात्र दुई जना विश्वासीहरू छन्। यी मानिसहरू चीनको विकट भागहरूमा जिएर, सयौँ वर्षहरूदेखि सुसमाचारको ज्योतिविना नाश भइरहेको ख्रीष्टको आवश्यकतामा भएको मानिसहरू हुन्।